# खण्ड २

# वातावरणीय न्याय: सामाजिक विश्लेषण

यो खण्डमा वातावरणीय अन्यायको स्थिति पैदा भैरहने अवस्था किन सिर्जना हुन्छ भन्नेबारे विश्लेषण गरिएको छ । यस खण्डका लेखहरूले वातावरणीय न्यायको अवस्था बिग्रनुमा निम्न कारणहरू भएको देखाउँछन्: प्रभुत्वशाली वर्गको संस्कृतिसँग तालमेल हुने किसिमको शिक्षाको विकास, त्यस्तो शिक्षाको माध्यमबाट सोच्ने प्रकृयालाई असर पुऱ्याउने एक प्रकारको भाषाको विकास तथा अन्यायपूर्ण व्यवहारको सिकाइ । यस्तो शिक्षा/व्यवहारले प्रकृति संरक्षणसम्बन्धी त्यस्तो अवधारणाको विकास गर्छ जसमा प्रभुत्वशाली वर्ग/देशको स्वार्थ लुकेको हुन्छ । आर्थिक-सामाजिक-राजनीतिक शक्तिको कारणबाट यस्ता अवधारणाहरू विकास गर्न र फैलाउन अभिप्रेरित हुने तथा व्यवहारमा लागू हुने हुँदा वातावरणीय अन्यायले निरन्तरता प्राप्त गर्ने तथ्य यस खण्डका लेखहरूबाट प्रष्ट हुन्छ ।

समाजमा विद्यमान सामाजिक अन्याय, विभेद तथा प्रभुत्वशाली वर्गको फाइदाको लागि विकासका काम केन्द्रित भएबाट केही निश्चित समूह/वर्ग/क्षेत्रमा जीविकोपार्जनको सङ्कट र वातावरणीय अन्याय पर्दछ । यससम्बन्धी चर्चा पहिलो खण्डमा पनि गरिएको छ। तर यस खण्डमा समावेश केही रिपोर्टिङले यस्ता समस्या व्यवहारमा कसरी देखा पर्दछन् भन्ने प्रष्ट पार्छन् ।

यस खण्डको पहिलो लेखमा वातावरणीय अन्याय सृजना गर्न अहिलेको शिक्षा प्रणालीले खेलेको भूमिकाको विश्लेषण गरिएको छ । प्रभुत्वशाली संस्कृति, यसले शिक्षामा पारेको प्रभाव र यस्तो शिक्षाले 'सोचाइमा' पार्ने प्रभावको कारणबाट वातावरणीय अन्यायको स्थिति सृजना हुने यस लेखले प्रष्ट पारेको छ। अहिले देखापरेको उपभोगवादी संस्कृतिको द्रुत विकास, ठूला व्यापारिक कम्पनीको बजार नियन्त्रण तथा विज्ञान/प्रविधि तथा ज्ञान उत्पादन प्रकृयामा उनीहरूको प्रभुत्व बढ्नुको मुख्य कारण प्रभुत्वशाली संस्कृति (मुख्यतः पश्चिमी विकास पद्धति) को प्रभाव हो । विकासशील देश/क्षेत्रको परम्पराको क्रमशः ह्रास गर्न शैक्षिक क्षेत्र कसरी जिम्मेवार भइरहेको छ भन्ने तथ्यहरू यस लेखमा देखाइएको छ । साथै, वातावरणीय न्यायको स्थिति सृजना गर्न कस्तो शिक्षा आवश्यक पर्दछ भन्ने परिकल्पना समेत यहाँ गरिएको छ ।

दोस्रो लेखमा प्रकृति संरक्षणसम्बन्धी हाल देखापरेका मिथ्या अवधारणा वा सोचाइहरूलाई चिरफार गरिएको छ । अहिले विश्वमा र त्यसमा पनि खास गरेर विकासशील देशमा प्रकृति संरक्षण वा वातावरण संरक्षणको नाममा वातावरणीय अन्यायहरू सृजना भएका छन् । कुनै एक ठाउँको र केही ठूला वर्गको हितको लागि गरिने प्रकृति संरक्षणका अवधारणाहरूले सरोकार राख्ने र सीधा असर पर्ने समुदायलाई कसरी प्रभाव पार्दछ भन्ने कुरा यस लेखमा देखाइएको छ। गरिबी र प्रकृति संरक्षणको सम्बन्ध, जनसङ्ख्या वृद्धि र वातावरण प्रदूषण, बजारको भूमिका र आधुनिक/पश्चिमी ज्ञानका केही प्रचलित धारणालाई विश्लेषण गर्दै त्यहाँ रहेका मिथ्याहरूलाई हटाउने काम यो लेखमा गरिएको छ । यी मिथ्याहरू फैलाउन तथा व्यवहारमा लागू गर्नको पछाडि रहेका स्वार्थहरू के के हुन्, यस्ता मिथ्याहरू कसरी उत्पादन गरिन्छन् र विकासको नाममा कसरी प्रसार गरिन्छन् भन्ने विश्लेषण नगर्नाले वातावरणीय अन्यायको स्थिति सिर्जना हुन्छ। विकास गर्ने जिम्मा लिएका अन्तर्राष्ट्रिय संस्थाहरूको पनि यसमा विशेष भूमिका रहेको छ । विश्व ब्याङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष जस्ता संस्थाहरूको आर्थिक सहयोगले पनि यस्ता मिथ्या अवधारणाहरू लागू भएका छन् ।

यस खण्डको तेस्रो लेखले ठूला व्यापारिक कम्पनी–जसले आधुनिक विज्ञान/प्रविधि तथा ज्ञानलाई प्रश्रय दिने घोषणा गर्दछन्–ले आफ्नो स्वार्थ पूर्ति गर्न कसरी मानव अधिकार उपभोग गर्ने तथा स्थानीय व्यक्ति/समुदायहरूको आफ्ना स्रोतसाधन प्रयोग गर्ने, स्वच्छ वातावरणमा बाँच्ने र जीविकोपार्जन गर्ने अधिकारहरू हनन् गर्दछन् भन्ने तथ्य पश्चिम सेती जलविद्युत आयोजनाको उदाहरण दिएर प्रष्ट पारेको छ ।

तीन लेखबाहेक यस खण्डमा छापामा आएका केही रिपोर्टिङ पनि समावेश गरिएका छन् । नेपाली समाजमा विद्यमान विभिन्न विभेदले गर्दा निश्चित जाति/वर्ग/क्षेत्रले कस्तो वातावरणीय अन्याय भोग्नु पर्दछ र यसले उनीहरूको जीविकोपार्जनमा सङ्कट आउँछ भन्ने कुरा ती रिपोर्टिङमा प्रष्टचाइएको छ। यस्तो सङ्कटले गर्दा उनीहरू गाउँबाट शहर वा शहरबाट गाउँ वा विदेश जाने बाध्यता सिर्जना भएको देखिन्छ।

आफ्नो इच्छाबेगर, बाध्यतावश आफ्नो ठाउँ छोड्नु पनि वातावरणीय अन्यायकै रूप हो। साधारणतया यस्तो स्थानान्तरण गर्नुपर्ने बाध्यता ठूला ठूला बाँध तथा विकासे आयोजना सम्पन्न हुने/भएका क्षेत्रमा देखिन्छ। तर नेपाली समाजमा अन्तरनिहित विभेद र अन्यायले यस्तो बाध्यता केही निश्चित जाति, वर्ग वा पेशा सम्हालेका समूहको भागमा पारेको देखिन्छ। ♦